नगरप्रमुख श्री राम बहादुर बानियाँले
नगरसभाको दशौं अधिवेशनमा प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८१/८२ को

# वार्षिक नीति तथा कार्यक्रम


बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा
फोनः ०९७-५९४००३, ५९४००४
ई-मेलः ito.budhigangamun7@gmail.com,
info@budhigangamunbajura@gmail.com

आदरणीय नगर उपप्रमुखज्यू, अतिथिज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, राजनैतिक दलका प्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, पत्रकारज्यूहरू, संघ संस्था प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी लगायत सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू !

१. बुढीगंगा नगरपालिकाको नगरप्रमुखको हैसियतले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा म नेपालको नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि भएका न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. नेपालको संविधानले कल्पना गरेको समाजवाद उन्मुख आर्थिक-सामाजिक प्रणाली र नेपाल सरकारले तय गरेको **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि बुढिगंगा नगरपालिकाले अंगिकार गरेको "शिक्षा, स्वास्थ्य, कृषि पर्यटन र पूर्वाधार; सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार"को दीर्घकालीन सोच पूरा गर्न प्रतिबद्ध रहेको कुरा दोहोर्याउन चाहन्छु ।

३. आर्थिक वर्ष २०८०/८१ मा यस नगरपालिकाले तय गरेका नीति, कार्यक्रम र बजेटमा उल्लेखित कार्यक्रमहरू मध्ये अधिकांश सम्पन्न भैसकेका छन् । केही कामहरू सम्पन्न हुने चरणमा छन् भने केही नयाँ कामहरू सुरुवात भई चालु रहेका छन् ।

सभाका सदस्यज्यूहरू, उपस्थित महानुभावहरू,

अब म आर्थिक वर्ष २०८०/८१ को प्रगति विवरण पेश गर्न चाहन्छु ।

**शिक्षा, युवा तथा खेलकूदतर्फः**

४. नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय कक्षा/तह समायोजन गरिएको छ । ७ वटा विद्यालयको तह घटुवा गरिएको छ भने शिक्षक दरबन्दी र विषय मिलान गरिएको छ । सबै सामुदायिक विद्यालयमा कक्षा ३, ५, ८ र १० मा अंग्रेजी, गणित, विज्ञान विषयहरूको उपचारात्मक कक्षा सञ्चालन गरिएको छ । कक्षा समायोजन तथा मर्ज गरिएका विद्यालयहरूलाई प्रोत्साहन अनुदान प्रदान गरिएको छ ।

५. राष्ट्रिय खेलकुद परिषद् सँगको समन्वयमा १५ दिने विद्यालय खेल शिक्षक प्रशिक्षण सञ्चालन गरी ३७ जना विद्यालय स्तरीय खेल प्रशिक्षकहरू उत्पादन गरिएको छ भने नगरप्रमुख वृहत् भलिबल प्रतियोगिता आयोजना सम्पन्न गरिएको छ । नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भाग लिएर बुढीगंगा नगरपालिकाले कुल १३ वटा पदकहरू जित्न सफल भएको छ । स्थानीय स्काउट गठन गरिएको छ ।

६. नगरपालिका र संघसंस्थाहरूको पहलमा यस नगरपालिकाका ५६८ जना बालबालिकालाई शैक्षिक सामाग्री तथा विद्यालय पोशाक र ७७ जना बालबालिकालाई रु. ३००० का दरले नगद सहयोग गरी विद्यालय निरन्तरतामा सहयोग गरिएको छ । १९ वटा आ.वि.मा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गरिएको छ ।

७. विद्यालय स्तरका विद्यार्थीहरूलाई मार्सल आर्ट्स, बक्सिङ र भलिबल खेल प्रशिक्षणका लागि ४ जना खेल प्रशिक्षकहरू नियुक्त गरी परिचालन गरिएको छ । ५०० जना युवाहरूलाई लागु औषध नियन्त्रणका अभियानहरूमा परिचालन गरिएको छ भने २० जना युवाहरूलाई सीपमुलक स्वरोजगार तालिम दिइएको छ । यस आ.व. मा ७८६ जना अभिभावकहरूलाई अभिभावक शिक्षा प्रदान गरिएको छ ।

८. त्रिशक्ति मा.वि.मा १४ कोठे छात्राबास निर्माण सम्पन्न भएको छ भने पशुपति मा.वि.मा ८ कोठे छात्राबास निर्माण भैरहेको छ । दूधिर आ.वि. मा पुस्तकालय, भानोदय नमूना मा.वि. र त्रिशक्ति मा.वि.मा विज्ञान प्रयोगशाला व्यवस्थापन गरिएको छ भने बडीमालिका क्याम्पसमा घेरबारका लागि सहयोग गरिएको छ । विद्यालय शैक्षिक सुधार कार्यक्रम मार्फत भगवती मा.वि., त्रिशक्ति मा.वि. र बाझपाटा आ.वि. मा भौतिक संरचना निर्माण र फर्निचर सहयोग गरिएको छ ।

९. माध्यामिक शिक्षा परीक्षा (एसईई), नगरस्तरीय परीक्षाहरूको अनुगमन गरी परीक्षालाई मर्यादित बनाइएको छ भने शैक्षिक क्यालेण्डर, शिक्षक डायरी, विद्यार्थी गृहकार्य डायरी, निरन्तर मूल्याङ्कन अभिलेख पुस्तिका प्रकाशन गरी विद्यालयहरूलाई हस्तान्तरण गरिएको छ । स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रम स्रोत सामाग्री निर्माण गरिएको छ भने विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिएको छ । सिँगाडा मा.वि.मा आधुनिक भान्छाघर र चैतेपीपल सूर्योदय आ.वि. र त्रिशक्ती मा.वि. मा आधुनिक चुलोको निर्माण गरिएको छ ।

**आधारभूत स्वास्थ्य तथा सरसफाई तर्फः**

१०. सबै नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा पुर्याउने उद्धेश्यले बाजुरा स्वास्थ्य चौकीमा MBBS डाक्टरको व्यवस्थापन गरिएको छ । जटिल रोगहरू निदानको लागि बिरामीहरूलाई स्वास्थ्य उपचारमा सहयोग गरिएको छ भने आर्थिक रूपमा विपन्न बिरामीहरूलाई स्वास्थ्योपचारका लागि आर्थिक सहयोग गरिएको छ । देवलसैन स्वास्थ्य चौकीमा भिडियो एक्स-रे सेवा सुचारू गरिएको छ । साथै, धुरालसैनमा बर्थिङ सेन्टर स्थापना गरी सुचारू गरिएको छ ।

११. विभिन्न स्वास्थ्य केन्द्रहरूको सञ्चालनका लागि ५ जना नयाँ कर्मचारीहरू भर्ना गरिएको छ भने स्वास्थ्य बिमालाई अनिवार्य गर्नका लागि प्रत्येक वडाहरूमा बिमा स्वयमसेवकहरू परिचालन गरिएको छ । गेटा आँखा अस्पताल सँगको साझेदारीमा सञ्चालित आँखा उपचार शिविरमा ५०० जनाले सेवा प्राप्त गरेका छन् भने गेटा अस्पतालसँगको समन्वयमा हाडजोर्नी उपचार

सम्बन्धी शिविरबाट ३०० जना लाभान्वित भएका छन् । बुढीगंगा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माण गरिएको छ । टेलिमेडिसिन सेवालाई ५ वटा स्वास्थ्य संस्थाहरूमा विस्तार गरिएको छ । यस आ.व.मा ५६८ बालबालिकाको सामान्य र २ जना बालबालिकाको जटिल उपचार गरिएको छ ।

१२. लागु औषध नियन्त्रण सम्बन्धी सचेतना अभियान, मनोपरामर्श, सामाजिक सचेतना र सुशासनका लागि अभिमुखीरकरण र घरदैलो अभियान सञ्चालन गरिएको छ ।

## कृषि, सहकारी र पशुपालन तर्फः

१३. २५०० जना कृषकलाई मल, ५०० जना किसानलाई बिउँबिजन, ६ जना किसानलाई साना सिँचाइका सामाग्रीहरू अनुदान स्वरूप प्रदान गरिएको छ । एक घर, एक करेसाबारी नीति अनुसार मौसमी तथा बेमौसमी बिउँबिजन वितरण र उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको छ । विद्यालय दिवा खाजा कार्यक्रमका लागि स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्धेश्यले कृषि उपजमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम मार्फत स्थानीय कृषकहरू, कृषि समूहहरू, सहकारी संस्थाहरूलाई स्थानीय कृषि उत्पादन वृद्धिमा प्रेरित गरिएको छ ।

१४. एक वडा दुई उत्पादन क्षेत्र विस्तारका लागि प्रत्येक वडामा कृषि पशु प्राविधिक परिचालन गर्ने गरी एक वडा दुई प्राविधिक (OWTT) कार्यक्रम लागु गरिएको छ । सुन्तलाजातका बिरुवा प्रवर्द्धनका लागि स्थान पहिचान र जग्गा तयारी गरिएको छ भने कृषि ज्ञान केन्द्र बाजुराको सहयोगमा कागती खेती, तरकारी पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस वर्ष विभिन्न ४ ठाउँमा कृषि पाठशाला सञ्चालन गरी १०० कृषकहरूलाई आधुनिक कृषि प्रणालीमा जोडिएको छ ।

१५. पशुपक्षी सम्बन्धी औषधोपचार तथा परामर्श सेवाहरू निःशुल्क उपलब्ध गरिएको छ । पशुपक्षी स्वास्थ्य उपचार शिविर सञ्चालन गरी २५०० घरपालुवा पशुपक्षीहरूको उपचार गरिएको छ । घरपालुवा जनावरमा अकस्मात देखा परेको लम्पीस्किन रोगको निदानका लागि विभिन्न निकायसँग समन्वय गरी महामारी नियन्त्रण गरिएको छ । चालु आ.व.मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा ५५ वटा उन्नत जातका रागा-भैंसी, ६२ वटा उन्नत जातका बोका-बाख्रा, १४०० वटा कुखुरा वितरण गरिएको छ ।

## उद्योग, पर्यटन तथा साँस्कृतिक प्रवर्द्धन तर्फः

१६. बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रलाई सञ्चालनमा ल्याइएको छ भने केन्द्रको प्रशासनिक भवन, तालिम हल निर्माण गरी ३ जना नियमित कर्मचारीहरू नियुक्त गरिएको छ। सीप विकास केन्द्र मार्फत विद्युत जडान, हाउस वायरिङ, मोबाइल रिपयेरिङ, एडभान्स सिलाई कटाई जस्ता तालिमहरू सञ्चालन गरी ११८ जना दक्ष तालिमप्राप्त मानव संसाधन उत्पादन गरिएको छ । उपप्रमुख महिला लक्षित कार्यक्रम मार्फत २० जनाले हाते होजियारी तालिम

प्राप्त गरेका छन् भने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र सुदूरपश्चिम प्रदेश सरकारको विशेष अनुदान मार्फत ५५ जनाले उद्यमशीलता सम्बन्धी सीप सिकेका छन् ।

१७. वडा नं. ९ को बारमतोलामा राष्ट्रिय स्तरको खेलमैदान निर्माण जारी रहेको छ भने बार्जुकोट दरबार संग्राहलय स्थापनाका लागि विस्तृत परियोजना प्रस्ताव तयार गरिएको छ । बडीमालिका र खप्तड क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि नियमित पूजाआजा र प्रचारप्रसार कार्यक्रम गरिएको छ भने मौरेधामलाई पुनःनिर्माण तथा शिवरात्री मेलालाई व्यवस्थित गर्न त्रिवेणी नगरपालिकासँग चरणबद्ध छलफल गरिएको छ । भुवा पर्व, रामलीला पर्व, पुल्ता खेल, होरी पर्व, नरसिंगा बाजाको व्यवस्थापन र संरक्षणका कार्यक्रमहरू गरिएको छ ।

**भौतिक पूर्वाधार विकास तर्फः**

१८. साविकका गा.वि.स. भवनहरू जोड्ने सडकहरू (बाम्का-नगरपालिका, ताँप्रीसेरा-ब्रमतोला, बेतालमाण्डौं-त्रिशक्ति) मा कालोपत्रे तथा आरसिसीको काम सुचारू भई हालसम्म ३८% भौतिक प्रगति भएको छ । डाब-खप्तड पर्यटकीय सडक, सिँगाडा-देवलसैन, त्रिशक्ति-बदेडा सडक, फालासैन-नुवाघर-स्वास्थ्य सडक, स्वास्थ्य-डेल्टा-आटीचौर सडक, बेतालमाण्डौं-डेल्टा-आटीचौर सडक, सेरा-हातेलेक सडक, बसाली-वडा कार्यालय सडक लगायत अन्य भित्री सडकहरूको निर्माण र स्तरोन्नतीको काम नियमित भैरहेको छ । बेलकाटिया-निमनी जोड्ने सडकको ट्र्याक खोलिएको छ ।

१९. बुढीगंगा नगर कार्यपालिकाको प्रशासकीय भवनको जग्गा नगरपालिकाले भोगचलन गर्ने गरी नेपाल सरकारले हस्तान्तरण गरेको छ भने कार्यालय निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । यस वर्ष वडा नं. २, ४, ६, ८, ९ र १० का कार्यालय भवनहरू निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् । बारमतोला खेलमैदानको पहिलो चरणको निर्माण कार्यको ७०% भौतिक प्रगति भएको छ ।

२०. मालिका, बाम्का र फालासैन बजारमा प्रतिक्षालय सहितका शौचालय निर्माण गरिएका छन् भने बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रको घेरबार निर्माण कार्य सम्पन्न भएको छ । यस वर्ष चुनेखोला र तुरीधारामा २ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् । आ.व. २०७९/८० मा प्रस्तावित साना/मझौला आयोजनाहरू मध्ये करिब ९५% निर्माण सम्पन्न भएका छन् ।

**सिँचाइ, विद्युत तथा खानेपानी तर्फः**

२१. बुढीगंगा नदीबाट वडा नं. २ र ३ का लागि पानी लिफ्टिङ गर्न विस्तृत परियोजना निर्माण गरी कार्यान्वयनको प्रकृयामा रहेको छ । साझेदार संस्थाहरूको साझेदारीमा सिँगाडा र बानेगाउँमा लिफ्ट सिँचाइ सञ्चालन गरिएको छ भने सराप्लामा लिफ्टिङ खानेपानीको व्यवस्थापन गरिएको छ ।

२२. बार्जुगाड पहिलो र ईक्डीगाड दोस्रो लघुजलविद्युत आयोजनाको मर्मत सम्भार सम्पन्न भएको छ भने इक्किगाड पहिलो र बार्जुगाड तेस्रोको मर्मत कार्य जारी रहेको छ । नगरपालिकाको ऊर्जा विकास योजना निर्माण गरिएको छ । बाम्कामा नेपाल विद्युत प्राधिकरणको सब स्टेशन निर्माणका लागि काम सुरु भएको छ ।

२३. विभिन्न ६ ठाउँमा साना सिँचाइ प्रवर्द्धन गरिएको छ भने सिँगाडा र नुवाघरमा सिँचाइ कुलो निर्माण भैरहेका छन् । खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयको सहयोगमा बुढीगंगा-५, नुवाघरमा १ घर १ धारा कार्यक्रम सञ्चालनमा छ ।

२४. वडा नं. ५ को नवाघर टोल, हाल सीप विकास केन्द्र रहेको स्थान र स्वास्थ्य चौकीमा सडक बत्तीको व्यवस्थापन गरिएको छ ।

**महिला, बालबालिका तथा सामाजिक सुरक्षा तर्फः**

२५. लैङ्गिक सशक्तिकरणका कार्यक्रमहरू नियमित सञ्चालन गरिएका छन् । ज्येष्ठ नागरिकहरूको आरोग्यताका लागि ३६ जना ज्येष्ठ नागरिकहरूलाई वैद्यनाथ धाम तीर्थयात्रा गराइएको छ । लैङ्गिक हिंसा कोष निवारण परिचालन गरिएको छ । १० वटा वडाहरूमा सामुदायिक मनोसामाजिक विमर्शकर्ता खटाई लैंगिक हिंसा रोकथामका लागि परिचालन गरिएको छ । उपप्रमुख महिला लक्षित कार्यक्रम अन्तर्गत हिंसा पीडित महिलाहरूलाई आयआर्जनका लागि उन्नत जातका बाख्रा वितरण गरिएको छ ।

२६. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमहरूलाई ब्रान्चलेस ब्याङ्किङ (BLB) सेवा मार्फत सेवाग्राहीको घरदैलोमा पुर्याउने कार्यलाई नियमित गरिएको छ । पन्जीकरण सेवालाई विद्युतीय दर्ता प्रणाली मार्फत सेवा दिने गरिएको छ । चालु आ.व.मा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने १८१४ जना रहेका छन् भने ३९८ जनाले एकल महिला भत्ता, १४९ जनाले अपाङ्गता भत्ता र २२३७ बालबालिकाले बाल पोषण भत्ता प्राप्त गरेका छन् ।

२७. उपप्रमुख कोशेली कार्यक्रम मार्फत ३७५ जना सुत्केरी तथा गर्भवती महिलाले पोषण प्याकेज प्राप्त गरेका छन् भने एकल तथा जोखिममा परेका महिलाहरूले विभिन्न आयआर्जनका कामहरू सुरू गरेका छन् । चालु आ.व.मा ३ वटा वडाहरूलाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

**रोजगारी प्रवर्द्धन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १०२ जना बेरोजगारहरूलाई १०० दिनको न्यूनतम रोजगारी सुनिश्चित गरी राज्यले तोकेको न्युनतम ज्याला प्रदान गरिएको छ । यस वर्ष थप २० वटा श्रममा आधारित आयोजनाहरू निर्माण सम्पन्न भएका छन् । नगरप्रमुख रोजगार कार्यक्रमलाई लागत साझेदारीमा जोडी रोजगारी सिर्जना गरिएको छ ।

२९. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरिएको छ । मनसुनजन्य विपदबाट प्रभावित १२० घरपरिवारलाई आर्थिक सहयोग गरिएको छ भने भुकम्पबाट क्षतिग्रस्त घरधूरीका लागि ४१४ वटा अस्थायी टहरा निर्माण गरी हस्तान्तरण गरिएको छ ।

३०. साझेदार संस्थाहरूको सहयोगमा बजेडीमा पूर्व सूचना प्रणाली जडान गरिएको छ । आपतकालीन सेवा कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना गरी अमेरिकन रेडक्रसको कार्यक्रम सञ्चालन गरिएको छ ।

**संस्थागत विकास तथा सुशासन तर्फः**

३१. यस आ.व. मा थप ३२ वटा कानुनहरू पारित गरी लागु गरिएको छ । १० वटै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गरी ३० जना मेलमिलाप कर्ताहरूलाई परिचालन गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित गरिएको छ भने प्रत्येक वडामा जनतासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गरी जनगुनासो सुनुवाई गरिएको छ ।

३२. विभिन्न निकायहरूमा यस नगरपालिकामा कार्यान्वयन गर्न आवश्यक विषयहरूमा प्राविधिक तथा आर्थिक प्रस्तावहरू पेश गरिएका छन् । हाल यस नगरपालिकासँग UNDP, UNFPA, WFP, GNI, मर्सी कोर, आइपास, लिबर्ड, इसिमोड, नेपाल रेडक्रस सोसाइटी, सहास नेपाल, IDS नेपाल, CMC नेपाल, पीसविन, गिफ्ट आदि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वयमा विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालनमा रहेका छन् ।

३३. सार्वजनिक सेवा प्रवाहलाई सरल, मितव्ययी र प्रभावकारी बनाउन र कार्यरत कर्मचारीहरूलाई उत्प्रेरणा सहितको व्यवसायिकता हासिल गराउने उद्धेश्यले कार्यविवरण सहितको कार्य सम्पादन करारका आधारमा काममा लगाई हरेक वर्ष कार्य सम्पादन मूल्याङ्कन गर्ने गरिएको छ । विभिन्न पदमा रिक्त दरबन्दी अनुसारका थप ४४ जना करार कर्मचारीहरू नियुक्त गरिएको छ ।

३४. दर्ता, चलानी तथा राजश्व सङ्कलन अनलाईन मार्फत गर्ने गरिएको छ ।

सभाका सदस्यज्यूहरू, उपस्थित महानुभावहरू,

३५. नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको वार्षिक नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौं योजनाको अवधारणा र दिगो विकासका लक्ष्यहरूलाई आधार मानी यस नगरपालिकामा रहेका विज्ञ व्यक्तित्वहरु, राजनैतिक कर्मीहरु, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, युवा विद्यार्थीहरू, विभिन्न पेशा र ओहोदामा रहेका व्यक्तित्वहरुको सुझाव तथा यस नगरपालिकाले कार्यान्वयन गरेको आ.व. २०८०/८१ को नीति, कार्यक्रम र बजेटको अनुभवका आधारमा आगामी आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

३६. नीति, कार्यक्रम तथा योजनामा आधारित बजेट प्रणालीको विकास गर्न यस नगरपालिकाको आवधिक नगर योजनाले निर्दिष्ट गरे बमोजिम प्राथमिकता प्राप्त योजना र कार्यक्रमहरू छनौट गरी बजेट विनियोजन गरिनेछ । नगरपालिकाको आफ्नै योजना बैंक निर्माण गरी कार्यान्वयन गरिनेछ । बजेट तर्जुमालाई मध्यमकालीन खर्च संरचनासँग आबद्ध गरी लैंगिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ । हस्तान्तरित आयोजना बैंकलाई कार्यान्वयनमा ल्याई घोषित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

३७. समृद्ध नगर निर्माणका लागि नगरपालिकाको आन्तरिक श्रोतहरू पहिचान गरी आन्तरिक आम्दानी वृद्धि गर्न नगरपालिकाको आर्थिक ऐन परिमार्जन गरिनेछ । व्यवसायिक कर, घरबहाल कर, सम्पत्ति कर अनिवार्य सङ्कलन गरिनेछ । खाली तथा सरकारी जग्गामा बनेका निजी संरचनाहरूको करको दरलाई एकीकृत गरी राजश्व सङ्कलन गरिनेछ । बुढीगंगा नगरपालिका भित्रका सम्पूर्ण व्यवसायलाई नगरपालिकामा अनिवार्य दर्ता र सूचीकरण गरिनेछ । बुढीगंगा नगरपालिकाको इकडीदेखी हरडेखोलासम्मको क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन र सङ्कलनका लागि ठेक्का गरी प्रचलित कानुन बमोजिम राजश्व सङ्कलन गरिनेछ । सामुदायिक वनबाट हुने आम्दानीको कर प्रचलित कानून अनुसार सङ्कलन गरिनेछ । नगरपालिकाको क्षेत्राधिकार रहेको सडकमा चल्ने गाडी, जीप, अटो रिक्सा लगायत अन्य सवारी साधनहरूको रुट परमिट जारी गरी व्यवहारिक भाडादर कायम गरिनेछ ।

३८. नेपालको संविधान, प्रचलित कानुनहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्यायोजन गरेका अधिकारहरूको कार्यान्वयनका लागि यस नगरपालिकाले निर्माण गर्नुपर्ने आवश्यक कानूनहरू प्राथमिकताका साथ तर्जुमा गरी लागु गरिनेछ । यस नगरपालिकामा क्रियाशिल गैरसरकारी संस्थाहरूका कार्यक्रम तथा परियोजनाहरू सँग आवश्यकताका आधारमा साझेदारी गर्ने नीति अख्तियार गरिनेछ ।

सभाका सदस्यहरू तथा अन्य महानुभावहरू,

अब म विषयगत क्षेत्रको वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा, युवा तथा खेलकूदः**

३९. प्रारम्भिक बालशिक्षाका सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबललाई उच्च राख्न न्यूनतम पारिश्रमिक सुनिश्चित गरी नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई निरन्तरता दिइने छ । विद्यालय क्षेत्र शान्तिक्षेत्र भएकाले सबै प्रकारका बन्द, हडताल र आन्दोलन जस्ता कार्यक्रमहरू पूर्णतः निषेध गरिएको छ ।

४०. कक्षा ८ को परीक्षाका साथै कक्षा ५ को परीक्षालाई पनि नगर स्तरबाट सञ्चालन गरी प्राप्त नतिजाका आधारमा शिक्षक, विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गरिनेछ । शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी विद्यालयहरूको आवश्यकताका

आधारमा ICT सामाग्री तथा शिक्षकहरूलाई सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४१. आधारभूत र माध्यामिक तहका मुख्य विषयका शिक्षणमा देखा पर्ने समस्या समाधानका लागि कार्यमूलक तथा अनुसन्धानमूलक शिक्षण सिकाइका लागि विषयगत शिक्षकको नेटवर्क तयार गरी गोष्ठी, सेमिनार र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ । चालु आ.व. मा विद्यालय तथा कक्षा समायोजन गरिएका विद्यालयहरूलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४२. सामुदायिक सिकाइ केन्द्रहरूलाई व्यवस्थित गरी अभिभावक साक्षरता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ भने कुनै एक सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालय तथा सामुदायिक सूचना केन्द्रको रूपमा विकास गर्न सहयोग गरिनेछ ।

४३. प्रधानाध्यापकसँग गरिएको कार्यसम्पादन करार सम्झौता कार्यान्वयनका आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न नियमित प्र.अ. बैठक तथा छलफल कार्यक्रम आयोजना गर्नुका साथै अनुगमन, निरीक्षण तथा पेशागत सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४४. विद्यार्थीको सिकाई उपलब्धी सुधार गर्न बिदाको दिन न्यूनतम ग्रेड हासिल गर्न नसक्ने अवस्थाका विद्यार्थीलाई साप्ताहिक परीक्षा तथा नमूना परीक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४५. शैक्षिक क्यालेण्डर, शिक्षक डायरी, विद्यार्थी गृहकार्य डायरी र कक्षा १-३ को निरन्तर मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्न विद्यार्थी मूल्याङ्कन अभिलेख पुस्तिका छपाइ र वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

४६. स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन गरी पाठ्यक्रम पठनपाठनलाई व्यवस्थित गर्नका लागि पाठ्यपुस्तक लेखन तथा छपाईको व्यवस्थापन गरिनेछ ।

४७. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न सबै विद्यालयहरूमा सुविधायुक्त भान्छाघर निर्माण गरिनेछ । दिवा खाजा तयार गर्ने सहयोगीलाई दैनिक रु. १०० का दरले प्रोत्साहन रकम उपलब्ध गरिनेछ भने एउटा विद्यालयमा नमूना डाईनिङ सहितको भान्छाघर निर्माण गरिनेछ ।

४८. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार कार्यक्रम विस्तार गरिनेछ ।

४९. आधारभूत तहको सिकाइ सुधारका लागि कक्षा १-५ सम्म **एक कक्षा एक शिक्षक**को व्यवस्थापनका लागि नगर शिक्षक परिचालन गरिनेछ ।

५०. विद्यालयहरूमा खासस्व योजना लागु गर्ने उद्धेश्यले शुद्ध खानेपानी, शौचालयको व्यवस्थापन गरिनेछ भने न्यूनतम सक्षमताको सुनिश्चित गर्न आवश्यक फर्निचरहरूको व्यवस्था गरिनेछ ।

५१. विद्यालयमा नियमित रूपमा अध्ययन गरिरहेका विपन्न बालबालिकाहरूलाई विद्यालय नियमितताको लागि शैक्षिक सामाग्री तथा पोशाक सहयोग र उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहयोग गर्न विभिन्न दातृ निकायहरू सँग सहकार्य गरिनेछ ।

५२. त्रिवेणी नगरपालिका, खप्तड छेडेदह गाउँपालिका र बुढीगंगा नगरपालिकाको संयुक्त साझेदारीमा बुढीगंगा नगरपालिकाको उपयुक्त स्थानमा बहुप्राविधिक शिक्षालयको स्थापना गर्न विशेष पहल गरिनेछ ।

५३. युवाहरूलाई संगठित गरी विपद् जोखिम न्यूनीकरण, राहत उद्धार तथा जनचेतना अभिवृद्धि लगायतका सामाजिक कार्यमा परिचालन गरिनेछ । विभिन्न युवा समूहहरू, क्लबहरू र संघसंस्थाहरूसँग सहकार्य गरी युवाहरूलाई नेतृत्व विकासका अवसहरू प्रदान गरिनेछ ।

५४. युवाहरूलाई लागु औषध दुर्व्यशनबाट मुक्त गराउन विभिन्न सीपमूलक अवसरहरू प्रदान गरिनेछ भने उद्यमशीलतातर्फ जोड्नका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५५. विद्यालयमा खेलकूद प्रवर्द्धनका लागि मार्सल आर्ट्स विधाका करार प्रशिक्षकको व्यवस्था गरिनेछ । खेलकूदका गतिविधि सञ्चालन गर्न आवश्यक खेल सामाग्रीहरूको व्यवस्थापन गरिनेछ भने नगर तथा जिल्ला स्तरीय रनिङ शिल्ड व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

५६. प्राविधिक शिक्षा (कृषि विज्ञान, इन्जिनियरइङ,चिकित्साशास्त्र, वन विज्ञान आदि) का विभिन्न तहमा अध्ययनरत विपन्न, दलित तथा पछाडि पारिएका समुदायका विद्यार्थीहरूका लागि **नगरप्रमुख शैक्षिक छात्रवृत्ति** प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

५७. निर्माणाधीन बारमतोला खेलमैदान र मदन-आश्रित स्मृति पुस्तकालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ भने भट्टेचौर र सैनचौर खेलमैदानको स्तरोन्नतीका लागि पहल गरिनेछ ।

५८. स्थानीय स्काउटसँग समन्वय गरी विभिन्न अभियानहरूमा परिचालन गरिनेछ ।

**स्वास्थ्य, सरसफाइ तथा खानेपानीः**

५९. नगरपालिका भित्रका सबै नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा पुर्याउनका लागि स्वास्थ्य सेवा सँग सम्बन्धित आधारभूत मापदण्डहरू पूरा गरिनेछ ।

६०. नगरपालिकामा सुचारू गरिएको टेलिमेडिसिन सेवालाई शतप्रतिशत स्वास्थ्य केन्द्रहरूमा विस्तार गरिनेछ भने मर्यादित महिनावारी व्यवस्थापनलाई सुनिश्चित गरिनेछ ।

६१. नगरपालिका भरीका बजार क्षेत्र, टोलहरूमा कुहिने र नकुहिने फोहोर संकलनका लागि डस्टबिनहरू राखिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा डम्पिङ साइटको निर्माण सुरू गरिनेछ । १५ सैयाको अस्पताल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६२. आ.व. २०८०/८१ का लागि घोषणा गरिएको फार्मेसी स्थापना गर्ने कार्यलाई अगाडि बढाइनेछ । ३ वटा स्वास्थ्य चौकीमा रहेका ल्याब सेवालाई सुदृढीकरण गरी अन्य स्वास्थ्य संस्थाहरूमा क्रमशः ल्याब सेवा विस्तार गरिनेछ ।

६३. स्वास्थ्य बीमा कार्यक्रमलाई अनिवार्य र प्रभावकारी बनाइनेछ भने विपन्न र आर्थिक स्थिति कमजोर भएका नागरिकहरूको स्वास्थ्य बीमा नगरपालिकाले आफै गर्नेछ । यस वर्ष नयाँ एम्बुलेन्स र शव-बाहनको व्यवस्था गरिनेछ ।

**कृषि, सहकारी तथा पशुपालनः**

६४. कृषि क्षेत्रको आधुनिकीकरणका लागि कृषियन्त्र खरिदमा लगानी गरिनेछ । दिगो एकीकृत कृषि प्रणालीको अवधारणा अनुरुप एक घर, एक करेसाबारी अनिवार्य गरिनेछ । कृषि पाठशाला (Farmer Field School), एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) जस्ता वैज्ञानिक कृषि प्रणाली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५. आ.व. २०८१/८२ मा बुढिगंगा नगरपालिकाका २० जना कृषकहरूलाई निजहरूको जग्गा धितो राखी पाँच वर्ष अवधिका लागि बिना ब्याज बिउ पूँजी (Seed money) प्रदान गरी **उत्पादनमा आधारित अनुदान**को कार्यक्रम लागु गरिनेछ ।

६६. कृषि सहकारी क्षेत्रमा लगानी गरी **वडामा सहकारी, घर-घरमा भकारी** भन्ने नारालाई सार्थक बनाउन कृषिमा आधारित सहकारीमा लगानी अभिवृद्धि गरिनेछ । उत्कृष्ट सहकारीहरूलाई प्रोत्साहन स्वरुप आवश्यक सहयोग गरिनेछ । नगरपालिका स्तरमा सहकारीको सञ्जाल निर्माण गरिनेछ ।

६७. निश्चित मापदण्डका आधारमा तोकिएको परिमाणमा उत्पादन गर्ने किसानको कृषि उपज खपतको ग्यारेन्टी नगरपालिकाले लिनेछ । बिक्री हुन नसकेको कृषि उपजमा स्थानीय सरकारले न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने मापदण्ड तयार गर्नेछ ।

६८. रैथाने बाली उत्पादन, संरक्षण र बजारीकरणका लागि विशेष जोड दिइनेछ । विभिन्न सरोकारवालाहरूसँग समन्वय गरी ग्रामीण कृषकहरूको पायक पर्ने ठाउँहरूमा कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरी व्यवस्थापन गरिनेछ । कृषि उपज सहुलियत दरमा ओसारपसार गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

६९. कृषि तथा पशु बीमा सेवाको प्रभावकारी कार्यान्वयन गरिनेछ भने कृषक पेन्सन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, व्यवसायिक रूपमा कृषि कर्म तथा पशुपालन गर्ने कृषकहरूका लागि बिना व्याज घुम्ती कोष परिचालन गरिनेछ ।

७०. बाँझो जमिनमा फलफूल खेती, अलैंची तथा बेसारजन्य खेती गर्न अभिप्रेरित गरिनेछ । सामुदायिक वन, कबुलयती वन, सडक किनार, खोल्सा-खाल्सीहरुमा डालेघाँस तथा भुईघाँसको खेती गरी कृषकहरुलाई पशुपालन व्यवसायमा आकर्षित गरिनेछ ।

७१. कृषि तथा पशु सेवा विस्तारका लागि घरमै प्राविधिक सेवा उपलब्ध गराउने उद्धेश्यले सुरू गरिएको एक वडा दुई प्राविधिक (OWTT) कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ ।

७२. कृषि पेशालाई मर्यादित र सम्मानित बनाउनका निम्ती उत्कृष्ट कृषकहरूलाई **नगरप्रमुख कृषि पुरस्कार**बाट सम्मानित गरिनेछ ।

७३. कृषियोग्य जमिनमा कन्क्रिट संरचनाहरु निर्माणमा निरुत्साहित गरिनेछ । नगरपालिकाको भवन निर्माण मापदण्ड निर्माण गर्दा खेतीयोग्य ठाउँमा कन्क्रिट संरचनाहरु निर्माण गर्न नपाइने प्रावधान राखिनेछ ।

७४. रासायानिक मल तथा बिउँबिजनहरू समयमा नै उपलब्ध गराइनेछ । अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । गोठेमल तथा भकारो सुधार कार्यक्रम मार्फत जैविक मल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । जैविक मलको व्यवसाय गर्न चाहने किसानलाई अनुदान तथा निःशुल्क प्राविधिक सहयोग गरिनेछ ।

७५. एउटै उद्धेश्य रहेका सहकारीहरूलाई मर्ज गरिनेछ भने नियम विपरितका सहकारीहरू खारेज गरिनेछ । सहकारीहरूमा कोपोमिस (COPOMIS) सफ्टवेयर अनिवार्य रुपमा लागु गरिनेछ । कम्तिमा ५ जना भन्दा बढीलाई रोजगारी उपलब्ध गराउने गरी व्यवसाय सञ्चालन गर्ने सहकारीलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

७६. नगरपालिकाको भू-उपयोग नीति निर्माण गरी कृषि क्षेत्र, बजार क्षेत्र, आवास क्षेत्र, वन क्षेत्र, वाटरसेड क्षेत्र छुट्याई भु-उपयोग योजना (Land Use Plan) निर्माण गरिनेछ ।

७७. वृहत् कागतीजोनको अवधारणालाई निरन्तरता दिइनेछ । फलफूल खेती प्रवर्द्धनका लागि **नगरपालिकाको लगानी, कृषकको आम्दानी** कार्यक्रम लागु गरिनेछ । यस कार्यक्रम अन्तर्गत पाँच वर्षसम्म कम्तिमा १०० वटा फलफूलको बिरूवा संरक्षण गरे बापत प्रति बिरूवा वार्षिक रु. ५० प्रोत्साहन स्वरूप प्रदान गरिनेछ ।

७८. कृषि-खाद्य प्रणालीका लागि नवीकरणीय उर्जा कार्यक्रमलाई बढावा दिनका लागि साझेदार निकायहरूसँगको साझेदारीमा निर्माण भैरहेका बहु-उद्धेश्यीय नर्सरीहरूको स्तरोन्नती गरिनेछ भने आवश्यकता अनुसार थप बहु-उद्धेश्यीय नर्सरीहरू निर्माण गरी नर्सरी बिरूवाहरूमा आत्मनिर्भर हुने नीती लिइने छ ।

**उद्योग, पर्यटन तथा साँस्कृतिक प्रवर्द्धनः**

७९. बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रलाई प्रतिष्ठान (Academy) को रूपमा विकास गरिनेछ । तालिमप्राप्त बेरोजगार व्यक्तिहरूलाई शून्य ब्याजदरमा बिउपूँजी (Seed money) प्रदान गरी व्यवसायिकतामा जोडिनेछ । बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन ऐनमा उल्लेख भएका विषयहरूमा आवश्यक कानुन निर्माण गरी संस्थागत गरिनेछ ।

८०. बुढीगंगा मिनी औद्योगिक ग्रामको कार्ययोजनालाई अगाडि बढाइनेछ । यस आर्थिक वर्षमा कम्तिमा २ वटा साना उद्योग स्थापनाको कार्य अगाडि बढाइनेछ ।

८१. बार्जुकोट दरबारलाई पुरानै शैलीमा निर्माण गर्न विभिन्न निकायहरूमा पहल गरिनेछ । बार्जुकोट दरबार रहेको क्षेत्रमा प्रवेश गर्न सहजताका लागि बाटो निर्माण गरिनेछ ।

८२. खप्तड छेडेदह गाउँपालिकाको क्षेत्र भित्र पर्ने यस क्षेत्रको प्रमुख धार्मिक स्थल श्री ज्यूलेखमाडुको स्तरोन्नतीको लागि आवश्यक सहयोग गरिनेछ । पुरातात्विक तथा ऐतिहासिक महत्वका क्षेत्रहरू बार्जुकोट दरबार, कुँडीकोट दरबार, बयालचाका, बलैमष्टा, चाकामाडौं, मौरेधाम, भुक्तोली जस्ता क्षेत्रहरूको संरक्षण र संवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

८३. नगरपालिकाका विभिन्न क्षेत्रमा मनाइने भूवा पर्व, रामलीला पर्व, होरी पर्व, विशु पर्व, पुल्ता खेलको संरक्षणका साथै लोप हुँदै गैरहेको नौमती बाजाको संरक्षण र संवर्द्धनका लागि विशेष व्यवस्था गरिनेछ ।

**भौतिक पूर्वाधार विकासः**

८४. बुढीगंगा नगरपालिकाको भवन निर्माण मापदण्ड तथा घरनक्सा पास सम्बन्धी कानुन निर्माण गरी यसै आ.व. भित्र लागु गरिनेछ । पहिले नै बनेका घरहरूको घरनक्सा अभिलेखीकरण सम्बन्धी मापदण्ड निर्माण गरिनेछ ।

८५. निर्माणाधीन बाम्का-नगरपालिका, बेतालमाण्डौं-त्रिशक्ति र ताँप्रीसेरा-ब्रमतोला जोड्ने सडकहरूलाई पक्की बनाउने कार्यलाई निरन्तरता दिइनेछ । फालासैन-नवाघर-स्वास्थ्य चौकी जोड्ने सडक कालोपत्रे गर्ने काम सुरू गरिनेछ । नगरपालिका स्तरीय सबै सडकहरूलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८६. राष्ट्रिय राजमार्ग जोडिने सडकहरू बाह्रै महिना सुचारू हुनका लागि स्तरोन्नती गर्न, कालोपत्रे गर्न, सडक किनारको क्षेत्र बढाउन, पहिरोग्रस्त क्षेत्रहरूमा पहिरो रोकथामका उपायहरू अबलम्वन गर्नका लागि सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिनेछ ।

८७. कार्यान्वनमा आउन नसकेको नगर बस सेवा सञ्चालनका लागि आवश्यक व्यवस्थापनका लागि पहल गरिनेछ । नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायातहरूको रुट निर्धारण गर्न, भाडादर कायम गर्न, यातायात कर निर्धारण गर्न क्रियाशिल बस-जीप व्यवसायीहरूसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

८८. वडा नं. ५ र नगर कार्यपालिकाको कार्यालय जोड्ने नयाँ सडकको ट्र्याक खोलिनेछ भने वडा नं. २ को कार्यालय जोड्ने सडकको ट्र्याक खोलिनेछ ।

८९. बुढीगंगा नगरपालिका क्षेत्र भित्रका सबै प्रकारका सडक निर्माण, स्तरोन्नती तथा मर्मतका कार्य बुढीगंगा नगरपालिकाको नगर यातायात गुरुयोजना अनुरुप गरिनेछ ।

९०. बुढीगंगा नगरपालिकाको भु-उपयोग निति तयार गरी सोही अनुरुप बस्ती विकास र अन्य आवश्यक क्रियाकलाप गरिनेछ भने मुख्य बजार क्षेत्रलाई शहरीकरण गर्ने र बस्ती एकीकृत गर्नका लागि जग्गा एकिकरण (Land Pooling) को नीति अवलम्बन गरिनेछ ।

९१. नगरपालिका क्षेत्र भित्रको फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ्ग साईटको लागि आवश्यक जग्गाको व्यवस्थापन र डिपिआर तयार गरी निर्माण कार्य सुरू गरिनेछ ।

९२. बुढीगंगा नगरपालिकामा सञ्चालित ठूला आयोजनाको अनिवार्य रुपमा IEE/EIA गरिनेछ ।

९३. भौतिक पूर्वाधारका संरचनालाई आवश्यकता अनुसार बालमैत्री, वातावरणमैत्री र अपाङ्गमैत्री हुने गरी निर्माण गरिनेछ ।

९४. आगामी आर्थिक बर्ष देखि नगरपालिका स्तरीय सम्पूर्ण सार्वजनिक निर्माणका कार्य ठेक्का मार्फत ई-बिडिङ्ग गरी निर्माण गरिनेछ ।

**जलस्रोत, सिँचाइ, ऊर्जा विकास र खानेपानीः**

९५. एक घर, एक धारा अभियानलाई सुचारू गरी नगर भित्रका सबै जनताहरूलाई सुरक्षित र स्वच्छ खानेपानीको पहुँचमा पुर्याइनेछ । साविकका गा.वि.स. हरूमा बृहत् खानेपानी योजना सञ्चालन गरिनेछ । ऐतिहासिक महत्वका पुराना ढुङ्गेधाराहरूको मर्मत सम्भार र पुनःनिर्माण गरिनेछ ।

९६. वडा नं. २ र ३ मा प्रस्ताव गरिएको बुढीगंगा नदीबाट पानी लिफ्टिङ गरिने योजनालाई निरन्तरता दिइनेछ । श्रोत नभएको अन्य ठाउँहरूमा लिफ्टिङ सिँचाइ तथा खानेपानी आयोजना निर्माणका लागि विभिन्न निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ । मौरे-बाम्का-लुएटा लिफ्टिङ खानेपानी तथा सिँचाइ योजनाको निर्माण कार्य अगाडि बढाइनेछ ।

९७. चुनेपानी खानेपानी आयोजनाको निर्माण कार्य अगाडी बढाइनेछ भने टिमोरकोट-बैलिखा-बारमतोला खानेपानी आयोजनालाई अगाडि बढाउन पहल गरिनेछ ।

९८. खेतीयोग्य जमिन, खेती नगरी बाँझो रहेको जमिनमा सिँचाइ सुविधा बाह्रै महिना उपलब्ध गर्न आवश्यक पहल गरिनेछ । साना किसानहरूका लागि निःशुल्क कृषि हाते औजारहरू, वाटरपम्प वितरण गरिनेछ ।

९९. मुख्य बजार क्षेत्रमा सार्वजनिक खानेपानी धारा निर्माण गरिनेछ भने मुख्य बजार क्षेत्रहरू बल्दे, बाम्का, फालासैन, ताँप्रीसेरा, बेतालमाण्डौं, रिठा, मालिका बजार र सारेदेउदेखी नगरपालिकाको प्रवेशद्वार सम्मको सडक खण्डमा सडक बत्तीहरूको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षाः**

१००. शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वाधारमा पहुँच लगायतका विषयमा नगर **उपप्रमुख महिला लक्षित कार्यक्रम** सञ्चालन गरिनेछ।

१०१. महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा, जातीय विभेद र शोषणको अन्त्य गरी बालविवाह, बहुविवाह तथा छाउपडी लगायतका हानिकारक अभ्यासबाट समाजलाई मुक्त गरिनेछ । हिंसापीडित महिलाको सुरक्षाका लागि राहत, उद्धार, पुःनस्थापना, कानुनी सहायता,

मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

१०२. लैंगिक तथा घरेलु हिंसा न्यूनीकरणका लागि अभियानहरू सञ्चालन गरिनेछ । हिंसापीडित बालबालिका तथा महिलाहरूको पुनःस्थापनाका लागि मार्तडीमा रहेको सेफ हाउस व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ । वडा र नगरस्तरीय विभिन्न सञ्जालहरू गठन, पुनर्गठन गरी परिचालन गरिनेछ ।

१०३. यसै आ.व. भित्र बालमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य लिइएको छ । नगरपालिकामा एकजना बालकल्याण अधिकारी नियुक्त गरिनेछ ।

१०४. नगरपालिका भित्र गठन गरिने विभिन्न समूह, सञ्जाल, समिति तथा क्लबहरूमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशी सहभागीताको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

१०५. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई अझै चुस्त, दुरुस्त र प्रभावकारी बनाउन पहल गरिनेछ । ब्रान्चलेस बैंकिङ सेवालाई परिस्कृत गर्दै निरन्तरता दिइनेछ भने १० वटै वडामा विस्तार गरिनेछ ।

१०६. आ.व. २०८१/८२ का लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचय पत्र २०८१ साउन मसान्तभित्र नवीकरण गरिनेछ । सामाजिक सुरक्षा भत्ताका लागि आ.व. २०८१/८२ को तेस्रो त्रैमासिकबाट राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन कार्य अनिवार्य गरिनेछ । यसका लागि बायोमेट्रिक मेसिन खरिद र कर्मचारी क्षमता अभिवृद्धि गरिनेछ ।

१०७. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई नगरको समृद्धिका लागि उपयोग गरिनेछ । निर्माण भैसकेका ज्येष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नती गरिनेछ भने नयाँ मिलन केन्द्रहरू स्थापना गरिनेछ ।

१०८. नगरपालिकाको प्रशासकीय भवनमा स्तनपान कक्ष स्थापना गरिनेछ । मा.वि.हरूमा मर्यादित महिनावारी कक्षको व्यवस्थापनमा विशेष जोड दिइनेछ । **नगर उपप्रमुख कोशेली** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**रोजगारी प्रवर्द्धन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनः**

१०९. बेरोजगारहरूको लगत सङ्कलन गरी अद्यावधिक गरिनेछ । वैदेशिक रोजगारमा जान चाहने युवाहरूलाई नगरपालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाइनेछ ।

११०. प्रधानमन्त्री रोजगार कार्यक्रम सँग सम्बन्धित आयोजनाहरूमा नगरपालिकाको लागत साझेदारी गर्न **नगर प्रमुख स्वरोजगार कार्यक्रम** सञ्चालन गरिनेछ । रोजगार सेवा केन्द्रको सुदृढीकरणका लागि आवश्यक बजेट वियोजन गरिनेछ ।

१११. नगर प्रहरी गठन गरिनेछ । नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीमा आबद्ध हुन चाहने युवाहरुका लागि आवश्यक तयारी कक्षाहरू सञ्चालन गर्न पहल गरिनेछ ।

११२. प्राविधिक विषयहरू उत्तीर्ण विद्यार्थीहरूका लागि निःशुल्क लोकसेवा कक्षाहरू सञ्चालन गरिनेछ ।

११३. नगरपालिका भित्रका सम्पूर्ण सरकारी, सामुदायिक, कबुलियती तथा अन्य वन क्षेत्रहरू लगायत खाली र बाँझो जमिनमा वृहत् वृक्षारोपणका लागि आवश्यक व्यवस्था गरिनेछ । शहरी वन कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालय र अन्य निकायसँग साझेदारी गरी मुख्य बजार र सडक क्षेत्रमा वृक्षारोपण गरिनेछ । आ.व. २०८१/८२ बाट **एक घर पाँच विरूवा** कार्यक्रम लागु गरी प्रत्येक घरधुरीले वार्षिक कम्तीमा ५ बोटविरूवा रोपण गरी संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

११४. बुढीगंगा नदी क्षेत्रको ताँप्रीसेरा बगर, सेरा बगर, मौरे बगर क्षेत्रमा वातावरणीय अध्ययन गरी ढुङ्गा, गिटी, बालुवा उत्खनन कार्यलाई नियमन गरिनेछ ।

११५. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई कानुनी रूप दिई कार्यविधि निर्माण गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा हाइटेक नर्सरी स्थापना गरिनेछ ।

**सूचना प्रविधि, विज्ञान प्रविधि तथा खोज अनुसन्धानः**

११६. नगरपालिकाको इ-प्रोफाइल यस आर्थिक वर्षमा निर्माण गरिनेछ भने डिजिटल नागरिक बडापत्र स्थापना गरिनेछ । इ-रजिष्ट्रेसन र इ-रेभेन्यु प्रणालीलाई अझै परिस्कृत गरिनेछ । नगरपालिकाको डिजिटाइजेशनका लागि विशेष पहल गरिनेछ ।

११७. माध्यामिक विद्यालयमा रहेका प्रयोगशालाहरूको स्तरोन्नती गरिनेछ । प्रयोगशाला नभएका विद्यालयहरूमा क्रमशः प्रयोगशाला स्थापना गर्दै लगिनेछ ।

११८. प्राविधिक धार रहेका भानोदय नमूना मा.वि. मा आधुनिक पशु प्रयोगशाला स्थापनाका लागि विशेष पहल गरिनेछ ।

**संस्थागत विकास तथा सुशासनः**

११९. कन्सर्न बाजुरा र बयालपाटा अस्पताललाई गरिने सहायतालाई निरन्तरता दिइनेछ ।

१२०. भ्रष्टाचार र अनियमितताको लागि शून्य सहनशीलतालाई कडाइका साथ लागु गरिनेछ । नियमित रूपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण गरी नगरपालिकाले कार्यान्वयन गरेका कामहरूको समीक्षा गरिनेछ । नगरपालिका अन्तर्गत तथा सहकार्यमा सञ्चालन गरिएका पूर्वाधारका योजनाहरूको सार्वजनिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई गरिनेछ ।

१२१. बजेट कार्यान्वयनको अख्तियारी प्राप्त पश्चात तीन महिना भित्र विस्तृत योजना, लागत इस्टिमेट तयार गरी योजना सम्झौता गर्ने र चैत्र महिनामा योजना सम्पन्न गरी आर्थिक वर्षको

बैशाख महिना भित्र भुक्तानी प्रदान गर्ने गरी वार्षिक योजना तयार गरी अनिवार्य लागु गरिनेछ भने बेरुजु न्यूनीकरणका लागि आ.ले.प. शाखालाई व्यवस्थित गरिनेछ ।

१२२. गैरसरकारी संस्थाद्वारा सञ्चालन गरिने कार्यक्रमहरू एकद्वार प्रणाली अनुसार कार्यान्वयन गरिनेछन् । नगर कार्यपालिकाको कार्यलयमा गैरसरकारी संस्था समन्वय कक्षको व्यवस्थापन गरिनेछ ।

१२३. लागु औषध दुर्व्यशनी नियन्त्रण र सामाजिक सचेतनाका लागि विशेष कार्यक्रमहरू लागु गरिनेछ ।

१२४. बुढीगंगाको विकासका सवालमा सुरू गरिएको **विकास कचहरी** नामक बहस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२५. नियमित बजार अनुगमन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियिजन गरिनेछ ।

**विविधः**

१२६. समयमै गुणस्तरयुक्त काम सक्ने निर्माण व्यवसायी, सबैभन्दा बढी कर तिर्ने करदाता, उत्कृष्ट विद्यालय, उत्कृष्ट कर्मचारी, उत्कृष्ट सहकारी तथा सामाजिक संस्था र बुढीगंगा नगरपालिकाको विकासका लागि विशेष योगदान दिने व्यक्तित्वहरूलाई प्रोत्साहन स्वरुप गरिने सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२७. करारमा कार्यरत एकै तहका कर्मचारीहरूको तलबमा रहेको असमानता हटाई तलब समायोजन गरी एकरुपता र समसामयिक बनाइनेछ ।

१२८. वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्तिको अन्त्यमा र वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्षको सुरुवातीमा प्रकाशित गरिनेछ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव र सहयोग प्रदान गर्ने विभिन्न राजनीतिक दल, नगरकार्यपालिकाका सदस्यहरू, राष्ट्रसेवक कर्मचारी, सञ्चार माध्यम, वुद्धिजीवी, नागरिक समाज, गैरसरकारी संस्था, उद्योगी व्यवसायी लगायत सबै दिदीबहिनी, दाजुभाइप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**२०८१ असार ५**